नेपाल सरकार

# अर्थ मन्त्रालय

(अन्तर सरकारी वित्त व्यवस्थापन महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- ०६८।७६
च. नं.:- १५२०

मितिः २०७४।१२।२१

विषयः आर्थिक वर्ष २०७५/७६ को राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको अनुमानित स्रोतको विवरण पठाएको बारे ।

श्री हरिहरपुरगढी गाउँपालिका
प्रदेश नं. ३, सिन्धुली ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ को उपदफा २ बमोजिम नेपाल सरकारले आगामी आर्थिक वर्ष २०७५।०७६ मा त्यस गाउँपालिकालाई उपलब्ध गराउने राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको अनुमानित स्रोतको विवरण नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।१२।०७ को बैठकको निर्णय र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७४।१२।२१ को (माननीय मन्त्रीस्तर)निर्णय अनुसार देहाय बमोजिम रहेको छ।

| वित्तीय समानीकरण अनुदान ( रु. हजारमा ) | राजस्व बाँडफाँट ( रु. हजारमा ) | जम्मा ( रु. हजारमा ) |
|---|---|---|
| ९६३५८ | ८५१८५ | १८१५४३ |

**अनुमानित स्रोतकोबाँडफाँटका आधारहरु**

१. राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको अनुमानित स्रोतको विवरण अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ को उपदफा (२) बमोजिम तयार गरिएको छ ।

२. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ५ बमोजिम एकल कर प्रशासन अन्तर्गत उठने राजस्व यस अनुमानित विवरणमा समावेश गरिएको छैन ।

३. राजस्व बाँडफाँटको विवरण तयार गर्दा जनसंख्या र जानसांख्यिक विवरण, क्षेत्रफल, मानव विकास सुचकाङ्क र न्यून विकास सुचकाङ्क, तथा समानीकरण अनुदानको अनुमानित विवरण तयार गर्दा खर्चको आवश्यकता र राजस्व क्षमता वीचको अन्तर, मानव गरिवी सुचकाङ्क, सामाजिक तथा आर्थिक विभेद सुचकाङ्क र पूर्वाधार सुचकाङ्कलाई आधार लिई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तयार गरी सिफारिश गरेको आधारमा बाँडफाँट गरिएको छ ।

४. सशर्त अनुदानको रकम यस विवरणमा समावेश गरिएको छैन। यो अनुदान कार्यक्रमको नाम, विवरण र कार्य प्रगति अवस्थाको आधारमा पछि छुट्टै पठाइनेछ ।

उपर्युक्तस्रोतलाई बढी उद्देश्यमूलक बनाउन तथा जुन प्रयोजनका लागि उपलब्ध गराइएको हो सोही प्रयोजनका लागि उपयोग गर्न स्पष्ट दिशाबोध होस् भन्ने अभिप्रायले प्राप्त वित्तीय समानीकरण अनुदानबाट आगामी आ.व.०७५/०७६ को बजेट तथा कार्यक्रम बनाउँदाप्रचलित आर्थिक कार्यविधि ऐनको अधिनमा रही देहाय बमोजिम प्राथमिकताक्रम निर्धारण गरी बजेट अनुमान तयार गर्नु हुनमिति २०७४।१२।२१ को (माननीय मन्त्रीस्तर) निर्णय अनुसार देहाय बमोजिमका

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३३
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साइटः www.mof.gov.np

Scanned by CamScanner

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ०६८/७८
च. नं.:-

निर्देशनहरु सहित राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको अनुमानित सीमाको विवरण पठाईएको व्यहोरा अनुरोध छ।

**निर्देशनहरु:**

१. साविकमा संघीय सरकारबाट सञ्चालन हुँदै आएका तर हाल स्थानीय सरकारले निरन्तरता दिनुपर्ने भई हस्तान्तरण भई आएका कार्यक्रम तथा आयोजनाहरु,

२. नेपालको संविधानको अनुसूचीहरुमा उल्लेखित आधारभूत जिम्मेवारीमा रहने कार्य एवं विभिन्न तहका सरकारबाट सम्पादन हुनुपर्ने कार्य जिम्मेवारी सम्बन्धमा नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेखित कार्यहरुमध्ये स्थानीय तहबाट सम्पादन गर्नुपर्ने देहाय बमोजिमकाकार्यका लागि यथेष्ट रकम विनियोजन गरेपछि मात्र अन्य कार्यक्रम तथा आयोजनामा रकम विनियोजन गर्नुपर्ने,

क. आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी कार्य,
ख. आधारभूत स्वस्थ्य र सरसफाई सम्बन्धी कार्य,
ग. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य र सहकारी सम्बन्धी कार्य,
घ. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियमन सम्बन्धी कार्य,
ङ. स्थानीय खानेपानी सम्बन्धी नीति, योजना, कार्यन्वयन र नियमन एवं खानेपानी सेवा व्यवस्थापन सम्बन्धी कार्य,
च. स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको सञ्चालन र मर्मत- संभार सम्बन्धी कार्य,
छ. स्थानीय तटबन्ध, नदी नियन्त्रण तथा नदी व्यवस्थापन सम्बन्धी कार्य,
ज. सामुदायिक भू-संरक्षण, स्थानीय पहिरो नियन्त्रण र व्यवस्थापन सम्बन्धी कार्य,
झ. खेलकुद विकास र प्रवर्द्धन सम्बन्धी कार्य,
ञ. स्थानीय यातायात व्यवस्थापन सम्बन्धी कार्य,

३. स्थानीय तहले वहन गर्नुपर्ने अनिवार्य दायित्वका विपयहरु,

४. शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवा प्रवाहका लागि सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरु,

५. सम्वन्धित स्थानीय तहको सन्तुलित विकासमा टेवा पुर्याउने पूर्वाधार विकासका कार्यक्रम तथा आयोजनाहरु,

६. सामाजिक एवं आर्थिक दृष्टिले कमजोर तथा तुलनात्मकरुपमा विकासको मूलप्रवाहमा पछि परेका वर्ग वा समुहको उत्थान एवं मूलप्रवाहीकरणमा योगदान पुर्याउने कार्यक्रम तथा योजनाहरु,

साथै समानीकरण अनुदान वापत प्राप्त रकम अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सन्चालन खर्चका लागि विनियोजन नगरी विकास निर्माण तर्फ खर्च गर्नेगरी प्राथमिकता निर्धारण गर्नु पर्नेछ ।

०६८/१२/२९
( दिनेश गुरागाईं )
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११६६४, ४२११३४८ (बजेट म.), ४२११६६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

Scanned by CamScanner